नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७८/७९ मिति:- २०७८/०६/१९
चलानी नम्बर:-

## प्रेसनोट

बजारमा हुनसक्ने कृत्रिम अभाव, कालोबजारी, अस्वभाविक मूल्य वृद्धि, म्याद गुज्रेका सामग्री विक्री वितरण जस्ता क्रियाकलापलाई नियन्त्रण गर्न र कानून विपरितका क्रियाकलापमा संलग्नलाई कानूनी दायरामा ल्याउन सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा संयुक्त बजार अनुगमन टोलीद्वारा आज मिति २०७८-०६-१९ गते हेटौडा उपमहानगरपालिकाको विभिन्न वडाहरूमा बजार अनुगमनको कार्य गरिएको व्यहोरा सबैमा जानकारी गराइन्छ ।

### अनुगमनको विस्तृत विवरण

| क्र.सं. | अनुगमन बिवरण | पसल संख्या | कारवाहीको विवरण |
|---|---|---|---|
| १. | खाद्यान्न तथा किराना पसल | १६ | - मूल्य सूची प्रष्ट देखिने ठाउँमा राख्न, सरसफाई गर्न, ग्राहकलाई विल दिन, मास्क लगाउन तथा भिडभाड नगरी वस्तु तथा सेवा प्रदान गर्न सुझाव दिइएको । - म्याद गुज्रेका सामग्रीहरू जफत गरिएको । |
| २. | भाँडा पसल | १० | - मूल्य सूची प्रष्ट देखिने ठाउँमा राख्न, सरसफाई गर्न, ग्राहकलाई विल दिन, मास्क लगाउन तथा भिडभाड नगरी वस्तु तथा सेवा प्रदान गर्न सुझाव दिइएको । |
| ३. | सुन पसल | ५ | - ३ वटा सुन पसलको सुन तौल गर्ने ढक परीक्षणका लागि नियन्त्रणमा लिइएको । |
| ४. | पेट्रोल पम्म र ग्याँस पसल | १० | - अनुगमनका क्रममा कैफियत नदेखिएको । |
| ५. | उद्योग | १ | - अनुगमनका क्रममा कैफियत नदेखिएको । |
| ६. | ग्यारेज | १ | - राजमार्गमा बेच्न राखिएको १६ बोतल (१/१ लि. को) पेट्रोल जफत गरिएको । |
| ७. | फेन्सी पसल | ४ | - खाता अद्यावधिक नगरेको र नियमित विल विजक जारी नगरेको हुँदा ३ वटा पसललाई जम्मा रू.२५०००/- जरिवाना गरिएको । |
| ८. | मोबाइल पसल | ४ | - अनुगमनका क्रममा कैफियत नदेखिएको । |

साथै, जिल्लाभित्र उपभोक्ता हित विपरितका क्रियाकलापहरू कहिं कतै भए गरेको पाइएमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा तुरुन्त जानकारी/गुनासो गर्नुहुन समेत जिल्ला प्रशासन कार्यालय, मकवानपुर अनुरोध गर्दछ ।

२०७८/०६/१९

बाबुराम अर्याल
सहायक प्रमुख जिल्ला अधिकारी